नजर हमर

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

● वर्ष ४ ● अंक २७६ ● २०८३ साल भाद्र २६ गते शुक्रबार ● Friday 11, September 2026 ● सूर्योदय: बिहान ०५:४४ बजे ● सूर्यास्त: साँझ ०६:१९ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

## असोज १ गते सार्वजनिक विदाको माग

**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाल विश्वकर्मा लोहार संघले असोज १ गते मनाइने विश्वकर्मा पूजा पर्वका अवसरमा मधेश प्रदेशभर सार्वजनिक बिदा दिन माग गरेको छ । मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवलाई ज्ञापनपत्र बुझाउँदै संघका अध्यक्ष विवेक शर्माको नेतृत्वमा गएको टोलीले हरेक वर्ष असोज १ गते प्रदेशस्तरीय सार्वजनिक बिदा घोषणा गर्न माग गरिएको हो।



विश्वकर्मा पूजा कुनै एउटा जाति वा समुदायको मात्र पर्व नभएको भन्दै औजार, मेसिन, सवारीसाधन, कलकारखाना तथा निर्माणसँग जोडिएका श्रमिकदेखि प्राविधिक, किसान, चालक, मिस्त्री, उद्योगी तथा व्यवसायीसम्मले विश्वकर्मा पूजा गर्दै आएको संघको भनाइ छ।

# पैसा अभावमा अस्पतालले भर्ना लिन मानेन, फुटपाथमै बच्चा जन्माउन बाध्य भइन् बबिता !




**मधेशदृष्टि**
**जनकपुरधाम।**
राजविराजस्थित गजेन्द्रनारायण सिंह सगरमाथा अस्पतालमा भर्ना नलिएको भन्दै एक विपन्न महिलाले अस्पतालकै अगाडि फुटपाथमा बच्चा जन्माएको घटना सार्वजनिक भएको छ । अस्पतालमा उपचारका लागि पुगेकी राजविराज नगरपालिका–१४ पर्साहीकी बबिता पासवानले पैसा नभएका कारण आवश्यक स्वास्थ्य परीक्षण गराउन नसकेपछि आफूलाई अस्पतालबाट बाहिर निकालिएको दाबी गरेकी छन् । बुधबार बिहान सार्वजनिक भएको भिडियोमा बबिता अस्पतालअगाडिको फुटपाथमा प्रसव पीडाले छट्पटाइरहेको र उनका आफन्तले स्याहार गरिरहेको देखिन्छ । केहीबेरपछि उनले त्यहीँ बच्चा जन्माएको भिडियोमा देखिन्छ।

बबिताका अनुसार मंगलबार राति करिब डेढ बजे प्रसव व्यथा लागेपछि उनी श्रीमान् हरेराम पासवान र दुई जना सासु नाता पर्ने महिलासहित सिटी रिक्सामा अस्पताल पुगेकी थिइन् । अस्पतालको प्रसूति विभागमा पुगेपछि खटिएकी स्वास्थ्यकर्मीले अल्ट्रासाउन्ड तथा रगत र पिसाब परीक्षण गर्नुपर्ने र त्यसका लागि करिब २ हजार ५ सय रुपैयाँ लाग्ने बताएको उनको दाबी छ । आफू विपन्न परिवारको भएको र तत्काल पैसा नभएको भन्दै बबिताले बिहान भएपछि जाँच गराउने बताउँदै भर्ना गर्न आग्रह गरेको बताइन् । उनका अनुसार यसअघि आफ्ना तीन सन्तान सामान्य रूपमा जन्मिएका थिए र गर्भावस्थामा कुनै स्वास्थ्य परीक्षण गराएकी थिइनन्।

'मैले बिहान भएपछि अल्ट्रासाउन्ड गराउँछु, जाँच गराउँछु, भर्ना गरिदिनुस् भनेर आग्रह गरेँ,' बबिताले भनिन्, 'तर जाँचविना कुनै हालतमा भर्ना नलिने भन्दै हप्काएर बाहिर निकालिदिनुभयो ।' अस्पतालले भर्ना नलिएपछि उनी परिवारसहित अस्पतालबाहिर निस्किइन् । उनी एक औषधि पसलअगाडि पुगेकी थिइन् । त्यहाँ उनले औषधि पसलेलाई चिकित्सकसँग जाँच गराइदिन आग्रह गरेकी थिइन् । औषधि पसलेले बिहान चिकित्सक आएपछि जाँच गराइदिने भन्दै त्यहीँ बस्न भनेको बबिताले बताइन् । तर केहीबेरमै प्रसव पीडा बढेपछि उनी फुटपाथमै छट्पटाउन थालिन् । आफन्त महिलाहरूले उनको स्याहार गरिरहेका बेला उनले त्यहीँ छोरालाई जन्म दिइन्।

बच्चा जन्मिएपछि परिवारले सालनालसहितको शिशु लिएर पुनः अस्पताल पुगेको बबिताको दाबी छ । तर त्यतिबेला पनि आफूलाई भर्ना नगरिएको उनले बताइन् । 'मसँगै जानुभएकी सासु पर्ने महिलाले खाली बेडमा सुत, जे हुन्छ हुन्छ भन्नुभयो । म सुत्न खोजेँ । तर पनि ती स्वास्थ्यकर्मी दिदीले यहाँबाट भाग, नभए धक्का दिएर निकालिदिन्छु भनेर धम्क्याउनुभयो,' उनले भनिन्, 'त्यसपछि हामी बाध्य भएर घर फर्कियौँ ।'

यता, अस्पतालका फ्रि हेल्थ सर्भिसका फोकल पर्सन मनोज देवले भने महिलालाई अस्पतालमा भर्ना गरिएको दाबी गरेका छन् । उनका अनुसार महिला राति करिब २ बजे अस्पताल आएपछि २४ नम्बर बेडमा भर्ना गरिएको थियो।

**'पीपी चेक गर्ने काम भयो ।** गर्भवती अवस्थामा उहाँले गराउनुपर्ने कुनै चेकजाँच नगराएको पाइयो,' देवले भने, 'आवश्यक स्वास्थ्य परीक्षणका लागि चिकित्सक र स्वास्थ्यकर्मीले ल्याबमा पठाउनुभएको थियो । उहाँहरू ल्याबमा गएर त्यतैबाट निस्किनुभयो ।'

देवका अनुसार महिला बिहान करिब ५ बजे बच्चा जन्माएपछि मात्र अस्पतालमा पुनः आएकी थिइन् । अस्पताल आएपछि त्यहीँ सालनाल काटेर

*बाँकी पृष्ठ ३ मा*

## अस्पतालले आन्तरिक छानबिन गर्ने

राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालको मूल गेटबाहिर एक महिलाले बच्चा जन्माएको घटनाबारे अस्पताल प्रशासनले आन्तरिक छानबिन अघि बढाउने भएको छ । सामाजिक सञ्जालमा सार्वजनिक भएको भिडियोप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै अस्पतालले विज्ञप्ति जारी गरेर घटनाको वास्तविक तथ्य पत्ता लगाउन आन्तरिक छानबिन प्रक्रिया अघि बढाउने जनाएको हो । अस्पतालको अभिलेखअनुसार राजविराज नगरपालिका–१४ पर्साहीकी बबिताकुमारी पासवान




बुधबार बिहान करिब २ बजे प्रसवको सुरुवाती अवस्थामा अस्पताल पुगेकी थिइन् । प्रारम्भिक

*बाँकी पृष्ठ ३ मा*

## फुटपाथमै सुत्केरी घटनाको आवाज संसदमा

सप्तरीको राजविराजस्थित गजेन्द्रनारायण सिंह सगरमाथा अस्पतालमा भर्ना हुन नपाएपछि एक महिलाले अस्पतालको मूल गेटबाहिर फुटपाथमै बच्चा जन्माएको घटना संसदमा उठेको छ । राजविराज नगरपालिका–१४ पर्साहीकी बबिता पासवान सुत्केरी व्यथा लागेपछि अस्पताल पुगे पनि आर्थिक अभावका कारण भर्ना हुन नपाएको सांसदहरूले बताएका छन् । उनका साथमा उपचारका लागि २ हजार ५ सय रुपैयाँ मात्रै रहेको बताइएको छ।

घटनाबारे राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद खगेन्द्र कर्णले सरकारको ध्यानाकर्षण गराएका छन् । उनले आर्थिक अभावका कारण विपन्न नागरिक उपचारबाट वञ्चित हुनुपर्ने अवस्था अन्त्य गर्न सरकारसँग माग गरे । त्यस्तै, रास्वपाकी सांसद अंकिता ठाकुरले पैसा अभावमा एक महिलाले सडकमा बच्चा जन्माउनुपर्ने अवस्था राज्यका लागि अत्यन्तै कारुणिक र गम्भीर विषय भएको बताइन्।

उनले नागरिकको ज्यान र स्वास्थ्यभन्दा पैसा महत्वपूर्ण हुने अवस्था सिर्जना भए अस्पताल स्वास्थ्य सेवा प्रदान गर्ने संस्था नभई 'सौदाबाजीको थलो' बन्ने टिप्पणी गरिन् । सांसदद्वयले घटनाबारे सरकारसँग जवाफ माग्दै विपन्न तथा असहाय नागरिकले सहज र निःशुल्क प्रसूति सेवा पाउने व्यवस्था सुनिश्चित गर्न माग गरेका छन्।

यसैबीच, अस्पतालले भने घटनाबारे आन्तरिक छानबिन अघि बढाउने जनाएको छ । अस्पतालका अनुसार बबितालाई प्रारम्भिक स्वास्थ्य परीक्षणपछि प्रसूति वार्डको बेड नम्बर २४ मा भर्ना गरिएको थियो । आवश्यक स्वास्थ्य परीक्षणका लागि चिकित्सकले सुझाव दिएपछि उनी अस्पतालबाट बाहिरिएको र पछि मूल गेटबाहिर प्रसूति भएको अस्पतालको दाबी छ।

हाल बबिता र नवजात शिशु दुवै अस्पतालमा उपचाररत रहेको र उनीहरूको स्वास्थ्य अवस्था सामान्य रहेको अस्पतालले जनाएको छ । घटनाको छानबिनबाट कुनै कर्मचारी वा सम्बन्धित पक्ष दोषी देखिए नियमअनुसार कारबाही गर्ने अस्पताल प्रशासनले प्रतिबद्धता जनाएको छ।

## अस्पतालबाहिर बच्चा जन्माउनुपर्ने अवस्था सरकारको असफलता




आम जनता पार्टी (आजपा) निकट आम महिला मोर्चाले राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा उपचारका लागि आवश्यक आर्थिक अभावका कारण बबिताकुमारी पासवानले अस्पतालको बाहिरी प्राङ्गणमै बच्चा जन्माउन बाध्य भएको घटनाप्रति गम्भीर आपत्ति जनाएको छ।

मोर्चाकी इन्चार्ज रन्जूकुमारी साहले विज्ञप्ति जारी गर्दै उक्त घटना २१औँ शताब्दीको मानवता, लोकतन्त्र र कानुनी राज्यकै उपहास भएको बताएकी छन् । संविधानले नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क पाउने तथा आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने व्यवस्था गरे पनि

*बाँकी पृष्ठ ३ मा*

## सडकै नबनाई २६ लाख हिनामिना ! धनौजीका अधिकृतसहित १० जनाविरुद्ध अख्तियारको मुद्दा

**मधेशदृष्टि**
**जकपुरधाम।**
सडक निर्माणको नाममा कामै नगरी सरकारी रकम भुक्तानी गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले धनुषाको धनौजी गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृतसहित १० जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । धनौजी गाउँपालिका–२ स्थित गौरदाहादेखि लखौरीसम्म सडक निर्माणका लागि छुट्याइएको रकम काम सम्पन्न भएको देखाउँदै नक्कली बिल तथा कागजातका आधारमा भुक्तानी गरी हिनामिना गरेको अनुसन्धानबाट खुलेपछि अख्तियारले विशेष अदालतमा मुद्दा दायर गरेको हो।




अख्तियारका प्रवक्ता सुरेश न्यौपानेका अनुसार सडक निर्माणको काम नै नगरी सरकारी रकम भुक्तानी गराउने प्रक्रियामा गाउँपालिकाका कर्मचारी र निर्माण व्यवसायीबीच मिलेमतो भएको देखिएको छ । मुद्दा दायर हुनेमा धनौजी गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत सावनकुमार चौधरी, लेखापाल राधेश्याम राय, खरिदार अरुणकुमार यादव, वरिष्ठ अहेव उमेर शाह, शिक्षा शाखा प्रमुख अनिलकुमार साहू र असिस्टेन्ट सब–इन्जिनियर शुभाषकुमार महरा छन् । त्यसैगरी, साइन कन्स्ट्रक्सन तथा त्यसका सञ्चालक विकासप्रसाद यादव, एसकेवाई इन्जिनियरिङ एन्ड ट्रेडिङ प्रालि तथा त्यसका सञ्चालक रामनारायण साहलाई पनि प्रतिवादी बनाइएको छ।

अख्तियारको अनुसन्धानअनुसार गाउँपालिकाका सम्बन्धित कर्मचारी र निर्माण कम्पनीका प्रतिनिधिबीचको मिलेमतोमा सडक निर्माण सम्पन्न भएको झुटो विवरण तयार पारिएको थियो । त्यसपछि नक्कली बिल तथा आवश्यक कागजात तयार गरी सरकारी कोषबाट रकम निकासा गरिएको आरोप छ । कामै नगरी रकम भुक्तानी गराउने उक्त प्रक्रियाबाट २६ लाख ६४ हजार ६२४ रुपैयाँ सरकारी रकम हिनामिना भएको अख्तियारको दाबी छ।

**एउटै पत्रिकामा सूचना, प्रतिस्पर्धा सीमित गरेको आरोप**

अख्तियारले सडक निर्माणको ठेक्कासम्बन्धी सूचना प्रकाशन प्रक्रियामा समेत अनियमितता भएको जनाएको छ । निर्माण कार्यको ठेक्का आह्वानसम्बन्धी सूचना एउटा मात्रै पत्रिकामा प्रकाशित गरी प्रतिस्पर्धात्मक प्रक्रिया सीमित गर्न तथा सम्भावित प्रतिस्पर्धीबाट सूचना लुकाउन सहयोग गरेको आरोपमा अमृत मिडिया प्रा.लि.का सञ्चालक राजेन्द्र यादव र जनकपुर टुडे मिडिया ग्रुप प्रालिका प्रधान सम्पादक बृजकुमार यादवलाई समेत प्रतिवादी बनाइएको छ । अख्तियारका अनुसार उनीहरूले सार्वजनिक खरिद प्रक्रियालाई व्यापक र प्रतिस्पर्धात्मक बनाउनुपर्ने अवस्थामा सूचना प्रकाशनलाई सीमित गर्ने कार्यमा सहयोग गरेका थिए । यस प्रकरणमा अमृत मिडिया प्रा.लि. तथा सञ्चालक राजेन्द्र यादव र जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि. तथा प्रधान सम्पादक बृजकुमार यादवविरुद्ध २ लाख ४९ हजार ५०४ रुपैयाँ बिगो दाबी गरिएको अख्तियारका प्रवक्ता न्यौपानेले जानकारी दिएका छन् । अख्तियारले सडक निर्माणका लागि विनियोजित सार्वजनिक रकमको दुरुपयोगदेखि ठेक्का प्रक्रियामा सूचना प्रकाशनसम्मका गतिविधिलाई अनुसन्धानको दायरामा ल्याउँदै संलग्न देखिएका सबैविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो।

आयोगले प्रतिवादीहरूबाट भ्रष्टाचार निवारण ऐनबमोजिम बिगो असुलउपर गर्नुका साथै कानुनअनुसार आवश्यक कारबाहीको मागदाबी गरेको जनाएको छ । सार्वजनिक विकासका नाममा बजेट छुट्याउने तर सडकमा कामको नामोनिसानसमेत नदेखाई कागजमै योजना सम्पन्न गराएर रकम भुक्तानी गर्ने प्रवृत्तिमाथि अख्तियारको पछिल्लो कारबाहीले गम्भीर प्रश्न उठाएको छ । धनौजीको यो प्रकरणले विकास बजेटको कार्यान्वयन, स्थानीय तहको आन्तरिक निगरानी र ठेक्का प्रक्रियाको पारदर्शितामाथि समेत प्रश्न खडा गरेको छ।

## क्यासिनो काण्ड: इन्स्पेक्टर निलम्बनमा इप्रका पोखरियामा नयाँ कमाण्ड




**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजस्थित क्यासिनोबाट पक्राउ परेका इलाका प्रहरी कार्यालय पोखरियाका प्रहरी निरीक्षक (इन्स्पेक्टर) प्रदीप पौडेल निलम्बनमा परेपछि प्रहरी प्रधान कार्यालयले उनको स्थानमा नयाँ प्रहरी निरीक्षक खटाएको छ । प्रहरी प्रधान कार्यालयले इलाका प्रहरी कार्यालय गजुरीबाट काज सरुवा गर्दै प्रहरी निरीक्षक भानुभक्त अर्याललाई इलाका प्रहरी कार्यालय पोखरियाको जिम्मेवारी दिएको हो । अर्यालले बिहीबारदेखि पोखरियाको कमाण्ड सम्हालेका छन्।

पोखरियामा कार्यरत प्रहरी निरीक्षक पौडेल क्यासिनोभित्रै पक्राउ परेपछि प्रहरी संगठनले उनलाई निलम्बन गरेको थियो । त्यसपछि रिक्त भएको पोखरियाको नेतृत्वमा अर्याललाई पठाइएको हो । पौडेललाई वीरगंज–१४ गण्डकस्थित क्लार्क रिसोर्टमा सञ्चालित क्यासिनोबाट पक्राउ गरिएको थियो । भदौ २० गते राति पर्साका प्रहरी उपरीक्षक (एसपी) पवन भट्टराई आफैंले क्यासिनोमा छापा मार्दा पौडेलसहित ८ जना पक्राउ परेका थिए।

क्यासिनोमा नेपाली नागरिकले जुवा खेलिरहेको सूचनाका आधारमा एसपी भट्टराईको नेतृत्वमा छापा मारिएको थियो । छापा क्रममा ड्युटीमा रहेका प्रहरी निरीक्षक पौडेलसमेत क्यासिनो परिसरबाट पक्राउ परेपछि घटना थप गम्भीर बनेको थियो । क्यासिनो प्रकरणमा पक्राउ परेका पौडेलसहित ८ जनालाई हाल जिल्ला प्रहरी कार्यालय पर्साको हिरासतमा राखेर अनुसन्धान भइरहेको छ।

प्रहरी संगठनकै जिम्मेवार अधिकृत क्यासिनोबाट पक्राउ परेको घटनाले पर्साको सुरक्षा संयन्त्रमाथि गम्भीर प्रश्न उठाएको छ । विशेषगरी प्रहरी अधिकृत नै जुवा खेल्ने स्थलमा भेटिनु र त्यसपछि निलम्बनमा पर्नुले प्रहरी आचरण तथा जिम्मेवारीमाथि बहस चर्किएको छ । यही प्रकरणपछि पोखरियाको प्रहरी कमाण्ड परिवर्तन गरिएको हो । नयाँ जिम्मेवारी पाएका प्रहरी निरीक्षक भानुभक्त अर्यालले बिहीबारदेखि कार्यालयको नियमित कमाण्ड सम्हाल्दै शान्ति–सुरक्षा तथा अपराध नियन्त्रणको जिम्मेवारी अघि बढाएका छन्।

## सम्पादकीय

# मधेशले बालेनलाई प्रधानमन्त्री बनायो, तर के पायो ?

जेनजी आन्दोलनले नेपालको राजनीतिमा ठूलो उथलपुथल ल्यायो । पुरानो राजनीतिक संरचनाप्रतिको असन्तुष्टि, युवाको आक्रोश र परिवर्तनको चाहनाले मुलुकलाई नयाँ राजनीतिक दिशातर्फ धकेल्यो । त्यस परिवर्तनको सबैभन्दा महत्वपूर्ण राजनीतिक परिणाममध्ये एक थियो मधेशको माटोबाट आएको व्यक्ति मुलुकको प्रधानमन्त्री बन्नु । महोत्तरीका बालेन्द्र शाह 'बालेन' प्रधानमन्त्री बनेपछि मधेशमा स्वाभाविक रूपमा उत्साह पैदा भयो । वर्षौंदेखि राज्यको मूलधारमा आफूलाई उपेक्षित महसुस गर्दै आएको मधेशका लागि आफ्नै समुदाय र भूगोलसँग जोडिएको व्यक्ति देशको सर्वोच्च कार्यकारी पदमा पुग्नु सामान्य उपलब्धि थिएन । यो केवल एउटा व्यक्तिको राजनीतिक आरोहण थिएन, मधेशले राष्ट्रिय सत्ताको केन्द्रमा आफ्नो उपस्थिति दर्ज गराएको क्षण पनि थियो । तर, उत्सवको त्यो क्षण अब प्रश्नमा बदलिन थालेको छ मधेशले बालेनलाई प्रधानमन्त्री बनायो, तर बालेनको नेतृत्वमा मधेशले के पायो ?

यो प्रश्नलाई कसैले क्षेत्रीय संकीर्णता भनेर पन्छाउन मिल्दैन । बरु यो लोकतान्त्रिक जवाफदेहिताको स्वाभाविक प्रश्न हो । मधेशले बालेनलाई असाधारण जनसमर्थन दिएको थियो । त्यस समर्थनको पछाडि केवल एउटा व्यक्तिप्रतिको आकर्षण थिएन, परिवर्तनको आशा थियो । सुशासनको अपेक्षा थियो । संघीयतालाई बलियो बनाउने विश्वास थियो । युवाका लागि रोजगारी र अवसर सिर्जना हुने आशा थियो । राज्यका निकायमा समान सहभागिता र सम्मानजनक प्रतिनिधित्व हुने अपेक्षा थियो । तर आज ती अपेक्षाको हिसाब खोजिन थालेको छ । २०८२ माघ ५ गते जनकपुरधामबाट चुनावी अभियान सुरु गर्दा बालेनले मैथिली भाषामै मधेशलाई सम्बोधन गर्दै संघीयतालाई 'बलगर' अर्थात् बलियो बनाउने प्रतिबद्धता जनाएका थिए । अधिकारका लागि अब मधेशले काठमाडौँ धाउनुपर्ने अवस्थाको अन्त्य गर्ने उनको भनाइ थियो । यी शब्दहरू केवल चुनावी भाषण थिएनन्, मधेशका लागि ती आश्वासन थिए । त्यसैले मधेशले मतमार्फत त्यस विश्वासको परीक्षा पनि लियो । तर सरकार बनेपछि प्रतिबद्धताको गति र परिणामबीच ठूलो खाडल देखिन थालेको छ ।

मधेशबाट राष्ट्रिय स्वतन्त्र पार्टीले पाएको असाधारण जनसमर्थन यसको प्रमाण हो । प्रदेशका ३२ सिटमध्ये ३० सिट जित्नु र समानुपातिकतर्फ मधेशबाट ५६.५९ प्रतिशत मत प्राप्त गर्नु सामान्य राजनीतिक परिणाम होइन । मधेशले परिवर्तनको पक्षमा ठूलो राजनीतिक जोखिम उठाएको थियो । उसले पुराना शक्तिहरूलाई चुनौती दिँदै नयाँ राजनीतिक नेतृत्वलाई अवसर दिएको थियो । त्यसैले आज मधेशले जवाफ माग्नु पनि स्वाभाविक हो । युवाको सबैभन्दा ठूलो समस्या बेरोजगारी हो । मधेशका हजारौँ युवा रोजगारी र भविष्यको खोजीमा देशबाहिर जान बाध्य छन् । घरका खेतबारी बाँझिँदै छन्, गाउँका युवा खाली हुँदैछन् र परिवारको अर्थतन्त्र विप्रेषणमा निर्भर हुँदै गएको छ । यस्तो अवस्थामा युवा नेतृत्वको सरकारबाट मधेशले रोजगारी, उद्यम, सीप र अवसरका क्षेत्रमा ठोस परिवर्तनको अपेक्षा गर्नु अस्वाभाविक होइन । तर नेतृत्व युवा हुँदैमा युवाको समस्या स्वतः समाधान हुँदैन । प्रधानमन्त्रीको उमेर, पृष्ठभूमि वा राजनीतिक शैलीभन्दा महत्वपूर्ण कुरा उनको सरकारको नीति र परिणाम हो । मधेशका युवालाई भाषण होइन, रोजगारी चाहिएको छ । अवसरको आश्वासन होइन, अवसर चाहिएको छ । काठमाडौँ जाने टिकट होइन, आफ्नै ठाउँमा सम्भावना चाहिएको छ ।

मधेश आन्दोलनहरूले उठाएका मूल प्रश्नमध्ये एउटा थियो अधिकारको विकेन्द्रीकरण र राज्यसत्तामा समान पहुँच । संघीयता केवल प्रदेश सरकार बनाउने व्यवस्था होइन । संघीयता भनेको निर्णय प्रक्रियामा स्थानीय आवश्यकता र पहिचानको सम्मान पनि हो । यदि संघीयताको नाममा संरचना मात्रै रह्यो तर अधिकार, स्रोत र निर्णय क्षमता अझै केन्द्रमै थुप्रियो भने त्यसलाई बलियो संघीयता भन्न सकिँदैन । बालेनले मधेशमै उभिएर संघीयतालाई बलियो बनाउने वाचा गरेका थिए । अब त्यो वाचा व्यवहारमा देखिनुपर्छ । मधेशलाई फेरि पनि आफ्ना अधिकारका लागि काठमाडौँको ढोका ढकढक्याउनुपर्ने अवस्था रह्यो भने त्यो केवल मधेशको निराशा होइन, प्रधानमन्त्री स्वयंले गरेको प्रतिबद्धताको असफलता हुनेछ । त्यसैगरी समावेशिताको प्रश्न पनि गम्भीर छ । मधेशी मूलका व्यक्ति प्रधानमन्त्री बनेकै कारण राज्य समावेशी भएको मान्न सकिँदैन । एउटा मधेशी व्यक्ति सर्वोच्च पदमा पुग्नु प्रतीकात्मक रूपमा महत्वपूर्ण हो, तर समावेशिता त्यतिबेला प्रमाणित हुन्छ जब राज्यका नियुक्ति, अवसर, प्रशासन, सुरक्षा निकाय, कूटनीति र सार्वजनिक संस्थाहरूमा सबै समुदायको न्यायपूर्ण प्रतिनिधित्व देखिन्छ ।

यदि प्रधानमन्त्री मधेशका हुन् तर राज्यका संरचनामा मधेशको आवाज कमजोर नै रहन्छ भने मधेशले त्यसलाई उपलब्धि भनेर कति दिन उत्सव मनाउने ? यहीँबाट बालेन सरकारको वास्तविक परीक्षा सुरु हुन्छ । निश्चय नै सरकार गठन भएको एक वर्ष पनि पूरा नभएको अवस्थामा अन्तिम फैसला सुनाउनु हतार हुन सक्छ । सरकारले केही क्षेत्रमा सुधारको प्रयास गरिरहेको हुन सक्छ । सुशासनका सवालमा नयाँ शैली र कार्यसंस्कृतिको संकेत पनि देखिएको हुन सक्छ । त्यसैले अहिले नै सरकारलाई पूर्ण असफल घोषणा गर्नु उचित हुँदैन । तर 'समय पुगेको छैन' भन्ने तर्कले जनताको प्रश्नलाई अनन्तकालसम्म टार्न पनि मिल्दैन । जनताले सरकारलाई पाँच वर्षका लागि मत दिएका हुन्छन्, तर जवाफदेहिता पाँच वर्षपछि मात्र सुरु हुँदैन । हरेक वर्ष, हरेक बजेट र हरेक नीतिको परिणाम जनताले मूल्यांकन गर्छन् । विशेषगरी असाधारण जनमतबाट आएको सरकारले अझ बढी पारदर्शिता र परिणाम देखाउनुपर्छ । बालेनको सबैभन्दा ठूलो राजनीतिक चुनौती यही हो मधेशले दिएको भावनात्मक समर्थनलाई परिणाममा बदल्नु ।

मधेशले उनलाई प्रधानमन्त्री बनाएकोमा गर्व गर्न चाहन्छ । तर त्यो गर्व केवल 'हाम्रो मान्छे प्रधानमन्त्री भयो' भन्ने भावनामा सीमित रहनु हुँदैन । मधेशले अब भन्न सक्नुपर्छ 'हाम्रो मतले परिवर्तन ल्यायो ।' त्यसका लागि संघीयता बलियो हुनुपर्छ, मधेशका युवाले अवसर पाउनुपर्छ, राज्य संयन्त्रमा समान पहुँच हुनुपर्छ, विकासका परियोजनाले गति लिनुपर्छ र सुशासन कागजमा होइन, जनताको दैनिक जीवनमा अनुभूति हुनुपर्छ । बालेनका लागि पनि मधेशको प्रश्नलाई आलोचना होइन, चेतावनीका रूपमा बुझ्ने समय आएको छ । किनकि मधेशले उनलाई केवल प्रधानमन्त्री बनाउन मत दिएको होइन । मधेशले परिवर्तनका लागि मत दिएको हो । यदि त्यो परिवर्तन जनताको जीवनमा देखिएन भने भोलि इतिहासले बालेनलाई सफल प्रधानमन्त्रीका रूपमा होइन, ठूलो जनमत पाएर पनि अपेक्षा पूरा गर्न नसकेको नेताका रूपमा सम्झिन सक्छ । अहिले पनि समय छ । जनमत अझै फर्किन सक्छ, विश्वास अझै बलियो बनाउन सकिन्छ । तर त्यसका लागि भाषणभन्दा नीति, नाराभन्दा परिणाम र प्रतीकभन्दा संरचनागत परिवर्तन आवश्यक छ ।

# रसुवा बाढीले निम्त्याएको सङ्कट र व्यवस्थापनका प्रयास

सरस्वती न्यौपाने



**रसुवा ।**
यही भदौ १० का बाढी तथा विपद्पछि राहत, उद्धार, बेपत्ता व्यक्तिको पहिचान, स्वास्थ्य, खाद्यान्न आपूर्ति, विद्युत् तथा विद्यालय सञ्चालनलगायतका कार्य व्यवस्थित बनाई अगाडि बढ्ने निर्णय भएको छ । जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले बाढीपछिको सिर्जनात्मक कार्य गर्न विभिन्न १६ वटा निर्णय गरेको जनाएको छ । प्रमुख जिल्ला अधिकारी कमलप्रसाद पाण्डेको अध्यक्षतामा बसेको समितिको बैठकले यसअघि गरिएका निर्णयको कार्यान्वयन अवस्थाको समीक्षा गर्दै बाढी प्रभावित नागरिकलाई तत्काल राहत उपलब्ध गराउनेदेखि बेपत्ता व्यक्तिको 'डिएनए' परीक्षणका लागि नमूना सङ्कलन गर्नेसम्मका निर्णय गरेको हो । जिल्ला प्रशासन कार्यालय रसुवाले सरोकारवाला निकाय र विश्वस्वास्थ्य सङ्गठन (डब्लुएचओ)का प्रतिनिधि समेतलाई आमन्त्रित राखी विपद् व्यवस्थापनको बैठकले विनाशकारी बाढीका कारण भएको धनजनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै उत्पन्न समस्या क्रमशः समाधान गर्दै लाने सहमति भएको छ ।

समितिले गत भदौ १० गते नेपाल–चीन सीमाना नजिक भई बग्ने ल्हेन्दे खोलाबाट भोटेकोशी नदीमा आएको बाढीका कारण हराएका तथा बेपत्ता भएका व्यक्तिका परिवारबाट डिएनए परीक्षणका लागि नमूना सङ्कलनको व्यवस्था मिलाउने निर्णय गरेको छ । यसका लागि रसुवा अस्पताल र जिल्ला जनस्वास्थ्य कार्यालयको समन्वयमा नमूना सङ्कलन टोली गठन गरी भदौ २५ गतेदेखि जिल्लाका पाँचवटै स्थानीय तहमा समय तालिका बनाएर डिएनए नमूना सङ्कलन अभियान सञ्चालन गर्ने निर्णय गरिएको छ । त्यसैगरी, रसुवाबाट विपद्का कारण विस्थापित भई काठमाडौँलगायतका विभिन्न आश्रयस्थलमा रहेका व्यक्तिहरूको पनि डिएनए सङ्कलनका लागि नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमार्फत नेपाल प्रहरी अस्पतालसँग समन्वय गर्न अनुरोध गर्ने निर्णय गरिएको छ । बैठकले बागमती प्रदेश स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय र स्वास्थ्य निर्देशनालयका अनुसार आमाछोदिङ्गो, गोसाइँकुण्ड, उत्तरगया र कालिका गाउँपालिकाका बाढी प्रभावित क्षेत्रमा खोप अभियान सञ्चालन गर्ने निर्णय गरेको सहायक प्रजिअ द्रुवप्रसाद अधिकारीले जानकारी दिए । हैजाविरुद्धको ओसिभी खोप एक वर्षमाथिका सबै उमेर समूहलाई, दादुरा, रुबेला खोप छ महिनादेखि १५ वर्षसम्मका बालबालिकालाई तथा टिटानस–डिफ्थेरिया (टिडी) खोप उद्धारकर्मी, स्वास्थ्यकर्मी तथा घाइते व्यक्तिलाई लक्षित गरी सञ्चालन गरिने निर्णयमा बताइएको छ । विपद्पछि फैलनसक्ने सरुवा रोगको जोखिमलाई ध्यान दिँदै जिल्ला जनस्वास्थ्य कार्यालयले क्षेत्रगत कार्यक्रम बनाएर कार्यान्वयन गर्ने निर्णय पनि भएको छ ।

बाढीका कारण सम्पर्कविहीन तथा बेपत्ता भएका व्यक्तिको परिवारले आफ्ना धर्म–संस्कृतिअनुसार मृत्यु संस्कार गर्नुपर्ने अवस्थामा लाग्ने खर्च व्यवस्थापनको माग गुनासो आएकाले रकम व्यवस्थापनका लागि नेपाल सरकार, गृह मन्त्रालय सिंहदरबार काठमाडौँसँग अनुरोध गर्ने निर्णय गरिएको छ । सडक तथा यातायात सम्पर्क अवरुद्ध भएका कारण खाद्यान्न अभाव भएका क्षेत्रमा एमआई–१७ हेलिकप्टरबाट खाद्यान्न ढुवानी गर्ने निर्णय गरिएको छ । गोसाइँकुण्ड गाउँपालिका–१ थुमन, वडा नं ३ बृद्धिम, वडा नं ४ लाङटाङ तथा क्याङजिन क्षेत्रमा खाद्यान्न पु¥याउन र आमाछोदिङ्गो गाउँपालिका–५ थाम्चेतमा तत्काल आवश्यक खाद्यान्न ढुवानी गर्न विश्व खाद्य कार्यक्रमसँग स्थानीय तहको समन्वयमा हेलिकप्टर व्यवस्था गर्न अनुरोध गर्ने निर्णय भएको जनाइएको छ ।

यसैगरी, आमाछोदिङ्गोका विभिन्न वडामा जिल्ला प्रशासन कार्यालयमा मौज्दात रहेको खाद्यान्न नेपाली सेना वा सशस्त्र प्रहरी बलको हेलिकप्टरमार्फत ढुवानी गरी अपुग राहत व्यवस्थापन गर्ने निर्णय भएको छ । हालसम्म प्राप्त स्टोरमा मौज्दात रहेको तथा वितरण गरिएको राहत सामग्रीको विवरणलाई नियमित रूपमा अद्यावधिक गर्न निर्देशन दिइएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट तोकिएका प्रतिनिधिसँग समन्वय गरी राहत प्राप्ति, वितरण तथा स्टोर व्यवस्थापनसम्बन्धी विवरणलाई वस्तुनिष्ठ, विश्वसनीय र अद्यावधिक राख्ने निर्णय भएको बताइएको छ । बाढीबाट प्रत्यक्ष प्रभावित परिवारलाई एक चरणको राहत सामग्री उपलब्ध गराइसकिएको अवस्थामा सडक तथा आपूर्ति प्रणाली प्रभावित भई खाद्यान्न अभाव देखिएको भन्दै स्टोरमा सङ्कलित राहत सामग्रीलाई प्रभावित जनसंख्याको अनुपातमा सम्बन्धित गाउँपालिकामा हस्तान्तरण गरी वडा कार्यालयमार्फत वितरण गर्ने निर्णय गरिएको छ । बाढीपछि भदौ १४ गतेदेखि हालसम्म हेलिकप्टर, ड्रोन तथा सवारी साधनमार्फत वितरण गरिएको राहत, खाद्यान्न तथा दैनिक उपभोग्य वस्तुको विवरण बैठकमा समीक्षा गरिएको छ । हेलिकप्टरमार्फत गोसाइँकुण्ड, उत्तरगया, कालिका र आमाछोदिङ्गोका विभिन्न वडामा राहत तथा खाद्यान्न ढुवानी गरिएको विवरण निर्णयमा समेटिएको प्रजिअ पाण्डेले जानकारी दिए ।

बाढी प्रभावित विद्यालयहरूमा अस्थायी आश्रयस्थल (होल्डिङ सेन्टर) सञ्चालनमा रहेका कारण पढाइ प्रभावित भएको विषयलाई बैठकले सम्बोधन गरेको छ । सम्बन्धित स्थानीय तहले अस्थायी आश्रयस्थलको व्यवस्थापन वा स्थानान्तरण गरी शिक्षा विकास तथा समन्वय इकाइसँगको समन्वयमा भदौ २५ गतेदेखि विद्यालयहरू नियमित सञ्चालन गर्ने निर्णय भएको छ । बाढी प्रभावित क्षेत्रमा क्षतिग्रस्त, जीर्ण तथा अस्थायी र स्थायी आवासस्थलमा धनजनको सुरक्षा सुनिश्चित गर्न सुरक्षा निकायको प्रत्यक्ष निगरानीमा खोज, उद्धार, उत्खनन, सङ्कलन तथा हस्तान्तरणको काम अघि बढाउने बैठकले निष्कर्ष निकालेको रसुवा प्रहरी प्रमुख अशोक थापाले जानकारी दिनुभयो । यस कार्यमा स्थानीय जनप्रतिनिधि तथा राजनीतिक दलका प्रतिनिधिसमेतको रोहवरमा काम गर्ने व्यवस्था मिलाउने समेत सहमति भएको छ । रसुवा जिल्ला विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा भएको अवस्थामा जिल्लामा खाना पकाउने एलपी ग्यासको आपूर्तिमा समस्या बढेको छ । होटल तथा आवास सबै क्षेत्रमा समस्या बढेको हो । बाढी प्रभावित क्षेत्रका बासिन्दालाई विद्युत् चुलो प्रयोग गराउन १०० युनिट बिजुली निःशुल्क दिनुपर्ने गोसाइँकुण्ड गाउँपालिका अध्यक्ष कैसाङ नुर्पु तामाङको प्रस्तावमा छलफल हुँदा बाध्यात्मक अवस्थालाई मध्यनजर राखी विद्युत् महसुल छुट उपलब्ध गराउन गृह मन्त्रालयमार्फत ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयसँग अनुरोध गर्ने बैठकले निर्णय गरेको बताइएको छ ।

त्यस्तै, जिल्लामा पर्याप्त इन्धन भण्डारण नभएकाले आगामी दिनमा थप समस्या आउन नदिन स्थानीय तहमा मागअनुसार इन्धन ढुवानी गर्ने व्यवस्था मिलाउने र पालिकाले भुक्तानीमा सहजीकरण गर्न निर्णयले मार्फत अनुरोध गरिएको छ । उद्योग वाणिज्य सङ्घ रसुवाको समन्वयमा स्थानीय व्यवसायीमार्फत आवश्यक सामग्री खरिद गर्ने व्यवस्था मिलाउनसमेत बैठकले कार्यदिशा तय गरेको छ । गोसाइँकुण्ड गाउँपालिका–४ मा सञ्चालित लाङटाङ माइक्रोहाइड्रोबाट १०० केभी क्षमताको विद्युत् खरिद गरी वडा नं. ३ मा विद्युत् सेवा सञ्चालनका लागि विद्युत् खरिद प्रक्रिया तत्काल अगाडि बढाउन नेपाल विद्युत् प्राधिकरणलाई अनुरोध गरिएको छ । बाढीबाट प्रभावित आमाछोदिङ्गो, गोसाइँकुण्ड र उत्तरगया गाउँपालिकाका सडक सम्पर्कविच्छेद भएका विभिन्न वडामा राहत वितरणका लागि हेलिकप्टर आवश्यक रहेको बैठकले जनाएको छ । राहत वितरणलाई थप प्रभावकारी बनाउन दुई वटा डेडिकेटेड हेलिकप्टर उपलब्ध गराउन राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसँग अनुरोध गर्ने निर्णय गरिएको छ । रसुवाका बाढी प्रभावित क्षेत्रमा राहत सामग्री पु¥याउनुपर्ने आवश्यकता अझै रहेकाले गोसाइँकुण्ड गाउँपालिकाका प्रभावित क्षेत्रमा थप राहत उपलब्ध गराउन प्राधिकरणसँग अनुरोध गर्ने निर्णय भएको छ ।

बाढीपछि सम्पर्कविहीन तथा बेपत्ता भएका व्यक्तिको मृत्यु दर्ता तथा घटना दर्ता प्रक्रियामा समस्या देखिएको र झन्झटिलो प्रक्रियाका कारण बीमा दाबी तथा मृतकको आधिकारिक पहिचानमा समस्या भएकाले वैकल्पिक तथा छिटो माध्यमबाट घटना दर्ताको व्यवस्था गर्न गृह मन्त्रालयसँग बैठकले अनुरोध गरेको छ । बैठकले हालसम्म वितरण गरिएको राहत सामग्रीको विवरणलाई सार्वजनिक गर्ने निर्णय पनि गरेको छ । जिल्ला प्रशासन कार्यालय रसुवाले आफ्नो 'वेबसाइट' तथा 'फेसबुक पेज'मार्फत राहत सामग्री वितरणको विवरण दैनिक रूपमा सार्वजनिक गर्ने निर्णय गरे पनि यसले राहत वितरणमा पारदर्शिता कायम गर्न तथा वास्तविक लाभग्राहीसम्म राहत पुगे–नपुगेको जानकारी लिन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

समितिका निर्णयहरूले रसुवामा बाढीपछि तत्काल राहत तथा खाद्यान्न व्यवस्थापनसँगै बेपत्ता व्यक्तिको पहिचान, स्वास्थ्य जोखिम न्यूनीकरण, विद्यालय सञ्चालन, विद्युत् तथा इन्धन आपूर्ति, आवास सुरक्षा र घटना दर्ताजस्ता विषयलाई समेत प्राथमिकतामा राखेकाले कार्यान्वयन गराउन सहज हुने जनाइएको छ । विशेषगरी डिएनए नमूना सङ्कलन, बेपत्ता व्यक्तिका परिवारलाई मृत्यु संस्कार खर्चको व्यवस्था, राहत वितरणको सार्वजनिक विवरण, विद्यालय पुनःसञ्चालन, विद्युत् महसुलमा छुट र प्रभावित क्षेत्रमा थप हेलिकप्टर परिचालन गर्ने निर्णयलाई बाढीपछिको पुनःस्थापना प्रक्रियाका महत्वपूर्ण निर्णयका रूपमा हेरिएको स्थानीय समाजसेवी साङ्तेम्वा तामाङले जानकारी दिए ।

यस्तै जिल्ला विपद् ब्यवस्थापन समितिका अनुसार विनासकारी बाढीका कारण भदौ १० गते २४ गतेसम्म चार हजार छ जना बेपत्ता भएको, ३३६ जना होडिङ सेन्टरमा राखिएको, ९० पर्यटकसहित एक हजार ५७० जनालाई उद्वार गरिएको जिल्ला विपद् व्यवस्थापन समितिले जनाएको छ ।

मुस्ताङ जिल्लाबाहेक अन्य ७६ जिल्लाका मानिस बगाएका बताइएको छ । शवतर्फ भने १६४ जनाको सङ्कलन भए पनि १० वटाको मात्र सनाखत भएको बताइएको छ । बाढीका कारण भौतिक पूर्वाधार झोलुङ्गे पुल १० वटा बेलिब्रिज, छ वटा पक्की पुल, ४१ किमी पक्की तथा कच्ची सडक, एक हजार ५०० निजी घर, एक पेट्रोलपम्प, भाडामा बसेका १४ वटा बैङ्क तथा वित्तीय संस्था, निजी तीन र सरकारी आठसमेत ११ विद्यालय र २८ वटा सरकारी–सार्वजनिक भवनमा क्षति भएको छ । नेपाली सेना श्रीनाथ गणका २७, नेपाल प्रहरीका २८, सशस्त्र प्रहरीका १३, सरकारी कर्मचारी ७९, बैङ्क संस्थाका कर्मचारी २६ जना हराएको बताइएको छ । रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । मधेशदृष्टि दैनिक रासस्को नियमित ग्राहक हो । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ ।

## कलैया अस्पतालको एक्सरे मेसिन ठप्प,

# बिरामी निजी क्लिनिकमा धाउन बाध्य

**मधेशदृष्टि**
**कलैया।**
बाराको प्रादेशिक अस्पताल कलैयामा एक्सरे सेवा लामो समयदेखि प्रभावित हुँदा उपचारका लागि अस्पताल पुग्ने दैनिक दर्जनौँ सेवाग्राही समस्यामा परेका छन् । अस्पतालको एक्सरे मेसिन बिग्रिएपछि सामान्य परीक्षणका लागि समेत बिरामीहरू निजी क्लिनिक तथा डायग्नोस्टिक सेन्टरमा जानुपर्ने बाध्यता सिर्जना भएको छ।

अस्पतालमा उपचारका लागि आउने बिरामीको चाप ठूलो भए पनि महत्वपूर्ण स्वास्थ्य उपकरण सञ्चालनमा नहुँदा सेवाग्राहीले प्रत्यक्ष मार खेप्नुपरेको हो । विशेषगरी चिकित्सकले एक्सरे गर्न सिफारिस गरेका बिरामीहरू अस्पतालमै सेवा नपाएपछि बाहिरबाट परीक्षण गराउन बाध्य भएका छन्।

अस्पताल स्रोतका अनुसार एक्सरे मेसिन बिग्रिनुमा अस्पतालभित्रकै संलग्नता हुन सक्ने आशंका गरिएको छ । स्रोतले मेसिन सञ्चालनमा नरहेको अवस्थामा बिरामीलाई निजी क्लिनिकतर्फ पठाउने र त्यसबाट कमिसन आउने गरेको आरोपसमेत लगाएको छ।

**मेसिन बिग्रियो, प्रशासन मौन**
एक्सरे मेसिन बिग्रिएपछि त्यसको तत्काल मर्मत तथा सेवा पुनः सञ्चालनका लागि अस्पताल प्रशासनले प्रभावकारी पहल नगरेको भन्दै प्रश्न उठेको छ।

एक्सरे मेसिन मात्र नभई एलएफटी लगायतका विभिन्न परीक्षणमा प्रयोग हुने केमिकल तथा उपकरणको व्यवस्थापनमा समेत अस्पताल प्रशासनको उदासीनता देखिएको आरोप छ । आवश्यक उपकरण तथा परीक्षण सामग्री उपलब्ध गराउनेभन्दा समस्या लम्ब्याउने प्रवृत्ति देखिएको भन्दै कमिसनको चलखेल हुन सक्ने आशंका गरिएको छ।

अस्पतालभित्रका उपकरण बिग्रिँदा त्यसको प्रत्यक्ष असर बिरामीमाथि पर्ने गरेको छ। सरकारी अस्पतालमा सस्तो तथा सहज रूपमा उपलब्ध हुनुपर्ने परीक्षण सेवा बन्द हुँदा आर्थिक रूपमा कमजोर बिरामीसमेत निजी स्वास्थ्य संस्थामा महँगो शुल्क तिर्न बाध्य हुने अवस्था बनेको छ।

**हजारौँ बिरामी आउने अस्पताल, सेवा भने कमजोर**
प्रादेशिक अस्पताल कलैयामा दैनिक दीर्घरोगीसहित ठूलो संख्यामा बिरामी उपचारका लागि आउने गरेको अस्पतालको तथ्यांकले देखाउँछ। तर बिरामीको चापअनुसार सेवा विस्तार र उपकरण व्यवस्थापन हुन नसक्दा अस्पताल प्रभावकारी स्वास्थ्य सेवा केन्द्रभन्दा 'भर्ना गर्ने केन्द्र'मा सीमित हुँदै गएको गुनासो बढेको छ।

नागरिक समाज बाराका अध्यक्ष उमेशलाल दासले अस्पतालमा गुणस्तरीय सेवा उपलब्ध हुन नसकेको र सेवाग्राहीलाई आवश्यक औषधिसमेत सहज रूपमा उपलब्ध गराउन नसकिएको बताएका छन् । उनका अनुसार प्रतिस्पर्धात्मक प्रक्रिया र पर्याप्त सूचना नदिई आफूनिकट व्यक्तिहरूलाई नियुक्त गर्ने प्रवृत्तिले अस्पतालको सेवा प्रणाली कमजोर बन्दै गएको छ।

**औषधि खरिदमा पनि कमिसनको आशंका**
अस्पतालको सेवा प्रवाहसँगै औषधि खरिद प्रक्रियामाथि समेत गम्भीर प्रश्न उठाइएको छ । अस्पतालमा टेन्डर प्रक्रियाबिना आफूअनुकूल आपूर्तिकर्ताबाट औषधि खरिद गर्ने र त्यसमा कमिसनको स्वार्थ जोडिने गरेको आरोप लगाइएको छ । अझ कम समयमै म्याद सकिने औषधि खरिद गर्ने गरिएको दाबीसमेत गरिएको छ।

अस्पतालको अभिलेखमा औषधि खरिद भएको देखाउने तर छोटो समयमै म्याद सकिने औषधि पुनः खरिद गर्नुपर्ने अवस्था सिर्जना गर्दा आर्थिक चलखेल हुने गरेको आरोप छ । यसरी एउटै औषधि पटक–पटक खरिद गर्ने वातावरण बनाएर कमिसन असुल्ने गरिएको आशंका गरिएको हो । यो केवल प्रशासनिक कमजोरीको विषय नभई बिरामीको स्वास्थ्य र सार्वजनिक रकम दुवैमाथिको गम्भीर खेलबाड हो।

सरकारी अस्पतालमा उपकरण बिग्रिनु सामान्य प्राविधिक समस्या हुन सक्छ। तर उपकरण बिग्रिएपछि मर्मतमा ढिलाइ हुनु, बिरामीलाई निजी संस्थामा जानुपर्ने अवस्था आउनु र त्यहीबीच कमिसनको आरोप उठ्नु भने सामान्य विषय होइन। प्रादेशिक अस्पताल कलैया प्रदेशकै महत्वपूर्ण स्वास्थ्य संस्था हो।

हजारौँ नागरिकको उपचारसँग प्रत्यक्ष जोडिएको अस्पतालमा सेवा प्रभावकारी बनाउन उपकरण नियमित सञ्चालन, आवश्यक परीक्षण सामग्रीको उपलब्धता, औषधि खरिदमा पारदर्शिता र कर्मचारी नियुक्तिमा प्रतिस्पर्धात्मक प्रक्रिया अनिवार्य छ।

# नारायणी अस्पतालमा ५० शव अट्ने...

वा विद्यमान संरचनाको क्षमता विस्तार गरिनेछ।

त्यस्तै, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा समेत एकपटकमा कम्तीमा ५० शव व्यवस्थापन गर्न सक्ने क्षमताको शवगृह निर्माण वा विस्तार गर्ने योजना अघि बढाइएको मन्त्रालयले जनाएको छ।

**भोटेकोशी बाढीले देखाएको शव व्यवस्थापनको संकट**
विपद् व्यवस्थापनका क्रममा शव राख्ने पर्याप्त संरचना नहुँदा उत्पन्न हुने समस्या पछिल्ला घटनाले झन् स्पष्ट पारेको स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले बताएकी छन् । उनका अनुसार विगतका विभिन्न विपद्का घटनामा शव व्यवस्थापन चुनौतीपूर्ण बनेको थियो। पछिल्लो भोटेकोशी बाढीका क्रममा पनि ठूलो संख्यामा मृत्यु तथा बेपत्ता भएका व्यक्तिका शव व्यवस्थापन गर्नु चुनौतीका रूपमा देखिएको थियो। यस्ता घटनाबाट प्राप्त सिकाइलाई आधार बनाएर भविष्यमा विपद्का बेला शव व्यवस्थापनमा समस्या नहोस् भन्ने उद्देश्यले अस्पतालहरूमा पर्याप्त क्षमताका शवगृह निर्माण गर्न लागिएको मन्त्री मेहताको भनाइ छ । विपद् आउँदा उद्धार र उपचारसँगै शव व्यवस्थापन पनि राज्यको महत्वपूर्ण जिम्मेवारी हुने भएकाले त्यसका लागि अस्पतालमै पूर्वतयारी आवश्यक रहेको मन्त्रालयको निष्कर्ष छ।

**फरेन्सिक र मेडिको–लिगल सेवामा पनि सहयोग**
शवगृह निर्माणको उद्देश्य विपद्का बेला शव राख्ने ठाउँ उपलब्ध गराउनुमा मात्र सीमित छैन । यसले फरेन्सिक मेडिसिन तथा मेडिको–लिगल सेवाको प्रभावकारिता बढाउन समेत सहयोग पुऱ्याउने मन्त्रालयले जनाएको छ । मन्त्री मेहताका अनुसार पछिल्लो समय फरेन्सिक मेडिसिनको महत्व बढ्दै गएको छ। आपराधिक घटना, दुर्घटना तथा विपद्का क्रममा मृत्यु भएका व्यक्तिको शव सुरक्षित राख्ने, पहिचान गर्ने, परीक्षण गर्ने र आवश्यक कानुनी प्रक्रिया पूरा गर्न व्यवस्थित पूर्वाधार आवश्यक हुन्छ।

नयाँ शवगृहले शवको सुरक्षित संरक्षण, पहिचान, परीक्षण तथा कानुनी प्रक्रियालाई व्यवस्थित बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

मन्त्रालयका अनुसार विपद्का बेला शव व्यवस्थापनको जिम्मेवारी सम्बन्धित अस्पतालले नै प्रभावकारी रूपमा निर्वाह गर्नुपर्ने भएकाले अस्पतालहरूमा आवश्यक क्षमताको शवगृह विकास गर्नु अनिवार्य देखिएको हो । विगतका विपद्का क्रममा देखिएका समस्या र पछिल्लो समयका घटनाले शव व्यवस्थापनलाई आकस्मिक रूपमा गरिने काम नभई पूर्वतयारीसहित संस्थागत रूपमा व्यवस्थापन गर्नुपर्ने आवश्यकता देखाएपछि मन्त्रालयले यस्तो निर्णय गरेको हो।

विशेषगरी भोटेकोशी बाढीजस्ता विपद्ले राज्यको उद्धार प्रणालीसँगै शव व्यवस्थापनको पूर्वतयारी पनि कति कमजोर हुन सक्छ भन्ने देखाइसकेको छ । अब नारायणी अस्पतालसहित संघीय अस्पतालहरूमा ५० शव अट्ने क्षमताका शवगृह निर्माण गर्ने निर्णय कार्यान्वयनमा कति छिटो जान्छ भन्ने विषय नै महत्वपूर्ण हुनेछ।

# बहुविवाह मुद्दामा सहायक हवल्दार र प्रेमिका जेल चलान

**मधेशदृष्टि**
**धनगढी।**
बहुविवाहको आरोपमा पक्राउ परेका निलम्बित प्रहरी सहायक हवल्दार देवबहादुर मौनी र उनकी प्रेमिका इन्द्रादेवी बोहरा पुर्पक्षका लागि कारागार चलान भएका छन्। कैलाली जिल्ला अदालतले दुवैलाई तत्काल थुनामै राखेर मुद्दाको पुर्पक्ष गर्ने आदेश दिएको हो । न्यायाधीश इन्द्रबहादुर कठायतको इजलासले मौनी र बोहरालाई पुर्पक्षका लागि कारागार पठाउने आदेश दिएको प्रहरीले जनाएको छ।

इलाका प्रहरी कार्यालय मालाखेतीमा कार्यरत रहेका मौनीकी श्रीमतीले बहुविवाहसम्बन्धी जाहेरी दिएपछि प्रहरीले मौनी र बोहरालाई पक्राउ गरी अनुसन्धान अघि बढाएको थियो । अनुसन्धानपछि उनीहरूलाई अदालतमा उपस्थित गराइएकोमा अदालतले दुवैलाई पुर्पक्षका लागि कारागार चलान गर्ने आदेश दिएको हो । प्रहरीका अनुसार मौनी गत माघदेखि श्रीमती र दुई छोरासँग सम्पर्कविहीन भएका थिए । श्रीमतीसँग विवाद भएपछि प्रेमिका बोहरासँगको सम्बन्धका कारण उनी घरबाट अलग भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ।



मौनीको अवस्थाबारे परिवारले खोजी थालेपछि उनी भारतको बैङ्लोरमा रहेको पत्ता लागेको थियो। त्यसपछि उनी नेपाल फर्किएर आफैं इलाका प्रहरी कार्यालय मालाखेतीमा उपस्थित भएका थिए । प्रहरीले उनलाई नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएपछि उनकी श्रीमतीले मौनीविरुद्ध बहुविवाहसम्बन्धी जाहेरी दिएकी थिइन् । जाहेरीका आधारमा प्रहरीले प्रेमिका बोहरालाई समेत पक्राउ गरी अनुसन्धान अगाडि बढाएको थियो।

मौनीकी श्रीमतीबाट दुई छोरा रहेको बताइएको छ । उनीहरू क्रमशः २७ महिना र ९ वर्षका छन् । श्रीमती र सन्तानसँग लामो समय सम्पर्कविहीन भएपछि मौनीको वैवाहिक सम्बन्ध र बोहरासँगको सम्बन्धबारे विवाद बढेको थियो। प्रहरी अनुसन्धानमा मौनी र बोहराबीच प्रेम सम्बन्ध रहेको विषय श्रीमतीसँगको विवादको मुख्य कारण बनेको देखिएको छ । यही घटनाक्रमपछि बहुविवाहको आरोपमा कानुनी प्रक्रिया अघि बढाइएको हो । अदालतको आदेशसँगै अब मौनी र बोहराले कारागारमै रहेर मुद्दाको पुर्पक्ष गर्नुपर्ने भएको छ । उनीहरूमाथि लागेको आरोप भने अदालतबाट अन्तिम रूपमा पुष्टि हुन बाँकी छ।

वैवाहिक सम्बन्ध कायम रहेकै अवस्थामा अर्को महिलासँग सम्बन्ध जोडेको आरोपमा प्रहरी सहायक हवल्दार नै कानुनी कारबाहीको दायरामा पर्नु प्रहरी संगठनभित्रको आचरण र अनुशासनमाथि समेत प्रश्न खडा गर्ने घटनाका रूपमा देखिएको छ।

# पैसा अभावमा अस्पतालले...

आवश्यक प्रक्रिया पूरा गरी पठाइएको उनले बताए।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रञ्जितकुमार झाले भने आफूले पनि भिडियो सार्वजनिक भएपछि मात्र घटनाबारे जानकारी पाएको बताएका छन् । उनका अनुसार महिला बच्चा जन्माइसकेपछि बिहान करिब ४ बजे अस्पताल पुगेको जानकारी आफूले पाएका छन्।

मेडिकल सुपरिटेन्डेन्ट झाले आफू हाल काठमाडौंमा रहेको भन्दै घटनाबारे छानबिन गर्न समिति गठन गर्ने तयारी भइरहेको बताए। उनका अनुसार भिडियो सार्वजनिक गर्ने व्यक्तिले महिला सुरुमा अस्पतालमा सुत्केरी गराउन गएको तर चिकित्सकले करिब ५ हजार रुपैयाँ बराबरको प्रयोगशाला परीक्षण गराउनुपर्ने बताएपछि उनी अस्पतालबाट बाहिरिएर फुटपाथमा सुत्केरी भएको दाबी गरेका छन्।

अस्पताल र पीडित पक्षको दाबी फरक–फरक देखिएपछि घटनाको वास्तविकता छानबिनबाट स्पष्ट हुने देखिएको छ।

सरकारी तथा निजी अस्पतालले विपन्न तथा गरिबका लागि निश्चित प्रतिशत शय्या छुट्याउनुपर्ने कानुनी व्यवस्था रहेको अवस्थामा सरकारी अस्पतालकै अगाडि एक महिलाले फुटपाथमा बच्चा जन्माउनुपरेको घटनाले स्वास्थ्य सेवामा गरिब तथा विपन्न नागरिकको पहुँचमाथि गम्भीर प्रश्न उठाएको छ । घटनाप्रति सामाजिक सञ्जालमा अस्पताल प्रशासन र स्वास्थ्य प्रणालीको आलोचना हुनुका साथै दोषीमाथि छानबिन गरी कारबाही गर्नुपर्ने मागसमेत उठेको छ।

# हिमाल, पहाड र तराईबाट चुनाव...

संविधानसभा निर्वाचनमा सिरहा क्षेत्र नम्बर ५ बाट आफूलाई निर्वाचित गराएर दोस्रोपटक प्रधानमन्त्री बन्ने अवसर दिएको भन्दै उनले सिरहावासीप्रति आभार व्यक्त गरे । सम्बोधनका क्रममा प्रचण्डले पछिल्लो राजनीतिक घटनाक्रमबारे पनि धारणा राखे । संविधान तथा संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरणका लागि नयाँ संघर्ष सुरु भएको दाबी गर्दै उनले भदौ २४ गतेको घटनालाई नेपालको लोकतान्त्रिक आन्दोलनको इतिहासमा 'कालो दिन'का रूपमा आफ्नो पार्टीले लिएको बताए।

उनले उक्त दिन सिंहदरबारलगायत ऐतिहासिक संरचना, सरकारी तथा सुरक्षा निकायका कार्यालय, पार्टी कार्यालय र महत्वपूर्ण दस्ताबेजमा तोडफोड तथा आगजनी भएको उल्लेख गरे । प्रचण्डले ती घटनालाई संविधान र राष्ट्रिय स्वाधीनताविरुद्धको 'प्रतिक्रान्तिकारी षड्यन्त्र'का रूपमा व्याख्या गरे।

भदौ २३ गते भएको प्रदर्शन भने सुरुमा सकारात्मक रहेको उनको भनाइ थियो । भ्रष्टाचारविरुद्ध, सुशासनको पक्षमा तथा सञ्चारमाथिको प्रतिबन्धविरुद्ध युवाहरूले सुरु गरेको आन्दोलन दिउँसोसम्म शान्तिपूर्ण रहेको उनले बताए। तर, दिउँसोपछि आन्दोलनले हिंसात्मक रूप लिएको र बाह्य घुसपैठका कारण मानवीय क्षति हुने अवस्था सिर्जना भएको प्रचण्डले दाबी गरे । काठमाडौं जिल्ला प्रशासन कार्यालयबाट अनुमति लिएर युवाहरूले सुरु गरेको आन्दोलनमा पछि घुसपैठ भएको उनको आरोप थियो।

# अस्पतालले आन्तरिक छानबिन...

स्वास्थ्य परीक्षणपछि उनलाई प्रसूति वार्डको बेड नम्बर २४ मा भर्ना गरिएको अस्पतालको भनाइ छ । अस्पतालका अनुसार आवश्यक स्वास्थ्य परीक्षणका रिपोर्ट नभएकाले चिकित्सकले थप जाँच गराउन सुझाव दिएका थिए । तर, अस्पतालले उपलब्ध गराएको शय्यामा नरही बबिता बाहिरिएको र बिहान करिब ४:४५ बजे अस्पतालको मूल गेटबाहिर प्रसूति भएको जानकारी प्राप्त भएको अस्पतालले जनाएको छ ।

प्रसूति भएपछि आमा र नवजात शिशुलाई साललालसहित पुनः प्रसूति वार्डमा ल्याइएको अस्पतालले जनाएको छ । ड्युटीमा रहेका स्वास्थ्यकर्मीले नाल काट्नुका साथै आवश्यक स्वास्थ्य उपचारका लागि अस्पतालमै रहन पटकपटक आग्रह गरेको अस्पतालको दाबी छ । तर, उनी अस्पतालबाट बाहिरिएको प्रारम्भिक विवरण प्राप्त भएको विज्ञप्तिमा उल्लेख छ । हाल बबिता र नवजात शिशु दुवै अस्पतालको बेड नम्बर २२ मा भर्ना भई स्वास्थ्यकर्मीको प्रत्यक्ष निगरानीमा उपचाररत छन् । अस्पतालका अनुसार आमा र बच्चा दुवैको स्वास्थ्य अवस्था सामान्य रहेको छ । घटनापछि अस्पतालले आमा र बच्चालाई आवश्यक सम्पूर्ण स्वास्थ्य उपचार, औषधि तथा अन्य सेवा निःशुल्क उपलब्ध गराउने निर्णयसमेत गरेको जनाएको छ । अस्पतालको मूल गेटमै प्रसूति हुनुपर्ने अवस्था सिर्जना हुनु संवेदनशील र गम्भीर विषय भएको भन्दै प्रशासनले घटनाको वास्तविकता पत्ता लगाउन आन्तरिक छानबिन अघि बढाउने जनाएको छ । छानबिनका क्रममा कुनै कर्मचारी वा सम्बन्धित पक्ष दोषी देखिए प्रचलित कानुन तथा नियमअनुसार आवश्यक कारबाही गर्ने प्रतिबद्धता अस्पतालले जनाएको छ । साथै, सम्बन्धित निकायबाट बाह्य छानबिन समिति गठन भए आवश्यक सूचना, कागजात तथा सहयोग उपलब्ध गराउने अस्पतालले स्पष्ट पारेको छ ।

आगामी दिनमा यस्ता घटना दोहोरिन नदिन प्रसूति सेवा व्यवस्थापन, सेवा प्रवाह तथा सेवाग्राहीप्रतिको जवाफदेहिता थप सुदृढ बनाउने अस्पतालको भनाइ छ ।

घटनाको पूर्ण तथ्य छानबिनबाट बाहिर नआएसम्म सत्यतथ्यमा आधारित सूचना सम्प्रेषण गर्न तथा अपुष्ट विवरणको प्रसार नगर्न अस्पतालले नागरिक र सञ्चारमाध्यमलाई आग्रह गरेको छ ।

# अस्पतालबाहिर बच्चा जन्माउनुपर्ने...

आर्थिक अभावकै कारण एउटी आमाले अस्पताल परिसरमै बच्चा जन्माउनुपर्ने अवस्था आउनु अत्यन्तै दुःखद र लज्जास्पद भएको मोर्चाको ठहर छ।

नेपालको संविधानको धारा ३५ ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क पाउने र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने व्यवस्था गरेको स्मरण गराउँदै मोर्चाले सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐनले समेत प्रत्येक महिलालाई सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अधिकार सुनिश्चित गरेको जनाएको छ । तर, संवैधानिक तथा कानुनी व्यवस्था हुँदाहुँदै पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको मोर्चाले आरोप लगाएको छ।

उपचार खर्च र प्रशासनिक लापरबाहीका कारण सिर्जित भनिएको घटनाले नेपालको स्वास्थ्य प्रणालीमा रहेको चरम उदासीनता तथा विपन्न नागरिकप्रतिको संवेदनहीनता उजागर गरेको साहले बताएकी छन्।

निःशुल्क उपचार पाउनुपर्ने नागरिकलाई अस्पतालबाहिर पुगेर बच्चा जन्माउनुपर्ने अवस्था सिर्जना हुनुमा अस्पताल प्रशासन तथा सम्बन्धित निकाय जिम्मेवार रहेको मोर्चाको आरोप छ । मोर्चाले घटनाको निष्पक्ष छानबिन गरी लापरबाही गर्ने कर्मचारी तथा अस्पताल प्रशासनलाई तत्काल कानुनी कारबाहीको दायरामा ल्याउन माग गरेको छ।

साथै पीडित बबिता मण्डल र नवजात शिशुको सम्पूर्ण स्वास्थ्य उपचारको जिम्मेवारी राज्यले लिनुपर्ने तथा उचित क्षतिपूर्तिसहित निःशुल्क र प्रभावकारी उपचारको व्यवस्था गर्न सरकारसँग आग्रह गरेको छ।

## कोहिनूर बचत तथा ऋण सहकारी संस्था लि.

### बिरगंज-१५,पर्सा

### कर्जा चुक्ता गर्न आउने बारेमा ३५ दिने अत्यन्तै जरुरी सुचना

**प्रकाशित मिति :- २०८३/०५/२६ दोस्रो पटक**

**टेलिफोन नं.:-०५१५९१५३४,Gmail:-kohinoorsahakari@gmail.com**

यस कोहिनुर बचत तथा ऋण सहकारी संस्था लि.का मिति २०८३/०५/२६ तपसिलमा उलेखित ऋणीहरुले यस संस्थाबाट उपभोग गरेको कर्जा समय समयमा बुझाउनु पर्ने साँवा,ब्याज आदि नतिरी नबुझाई ऋण लिदा गरेको शर्त कबुलियत उलंघन गरेको र संस्थाले मौखिक एवम लिखित रुपमा पटक पटक तर ताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा,ब्याज तथा हर्जाना ब्याज समेत चुक्ताभुक्तान नगरेको हुँदा यो सूचना दोस्रो पटक प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा,ब्याज तथा हर्जाना समेत चुक्ताभुक्तान गर्नुहुन यो सूचना दोस्रो पटक प्रकाशित गरिएको छ । अन्यथा उल्लेखित मिति भित्रमा बुझाउनुपर्ने सम्पूर्ण कर्जा साँवा,ब्याज तथा हर्जाना समेत भुक्तान नगरेमा यस संस्थालाई कर्जाको सुरक्षण बापत लेखिदिएको तपसिल बमोजिमको धितोमा रहेको चलअचल सम्पति जहाँ जेजस्तो अवस्थामा छ सोहि अवस्थामा लिलाम बिक्रि गरि वा अन्य व्यवस्था गरि संस्थाको साँवा,ब्याज तथा हर्जाना लगायत असुली कारवाहीको सिलसिलामा भएको अन्य खर्चहरु समेत असुल उपर गरि लिने तथा लेना रकम असुल उपर नभएको खण्डमा तपाई ऋणीहरु तथा धनजमानी दिनेको घरघरानार चलअचल सम्पतिबाट असुल उपर गरिनुका साथै प्रचलित नियम कानुन बमोजिम तपाई ऋणी तथा जमानीकर्तालाई कालो सुचिमा राख्न सिफारिश गर्ने व्यहोरा समेत ऋणी,जमानी कर्ताहरु तथा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**तपसिल**

| सि.नं. | ऋणीको नाम,ठेगाना | कर्जाको सुरक्षण बिवरण |
|---|---|---|
| १. | ऋणी : कवल राउत अहिर<br>पत्नी : झाउरी देवी<br>बुवा : लोचन राउत अहिर<br>बाजे : जिउत राउत अहिर<br>**कर्जा शिर्षक : व्यपार कर्जा** | श्री जिउत राउत अहिर को नाती लोचन राउत अहिर को छोरा कवल राउत अहिर पर्सा जिल्ला बागेश्वरी तित्रौना वडा नं. ७ बस्ने ना.प्रा.नं. ०४४९०९१६ मिति २०३४/०३/२१ पर्सा वर्ष ८३ को कवल राउत अहिर को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला बहुअरी पिडरी वडा नं. १ स्थितको किता नं. ३०२ को जग्गाको क्षेत्रफल ३-१६-१४-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| २. | ऋणी : बिजेश प्रसाद यादव<br>पत्नी : शोभा देवी<br>बुवा : कवल राउत अहिर<br>बाजे : लोचन राउत अहिर<br>**कर्जा शिर्षक : व्यपार कर्जा** | श्री लोचन राउत अहिर को नाती कवल राउत अहिर को छोरा बिजेश प्रसाद यादव पर्सा जिल्ला बागेश्वरी तित्रौना वडा नं. ७ बस्ने ना.प्रा.नं. ३४३००६/५५० मिति २०६३/१२/२१ पर्सा वर्ष ३७ को बिजेश प्रसाद यादव को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला बागेश्वरी तित्रौना वडा नं. ७ स्थितको किता नं. ३९३ को जग्गाको क्षेत्रफल ९४२.०६ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ३. | ऋणी : अमजद अलि अंसारी<br>पत्नी : जुही तबसुम<br>बुवा : अबु महमद अंसारी<br>बाजे : इसमाईल मिया अंसारी<br>**कर्जा शिर्षक : व्यपार कर्जा** | श्री इसमाईल मिया अंसारी को नाती अबु महमद अंसारी को छोरा अमजद अलि अंसारी बारा जिल्ला गंजभवानिपुर वडा नं. ७ बस्ने ना.प्रा.नं. २०९५/२९१९ मिति २०४६/०३/१६ बारा वर्ष ५५ को अमजद अलि अंसारी को नाममा एकलौटी दर्ता कायम भएको बारा जिल्ला दहियार वडा नं. ७ स्थितको किता नं. ४९६,४९५,४९७ को जग्गाको क्षेत्रफल ०-२-०-० , ०-१-०-०,०-४-०-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ४. | ऋणी : जुही तबसुम<br>पति : अमजद अलि अंसारी<br>बुवा : ऐनुल होदा अंसारी<br>ससुरा : अबु महमद अंसारी<br>**कर्जा शिर्षक : व्यपार कर्जा** | श्री अबु महमद अंसारी को बुहारी अमजद अलि अंसारी को श्रीमति जुही तबसुम बारा जिल्ला कलैया वडा नं. ८ बस्ने ना.प्रा.न ४६३२/४७०२ मिति २०६१/०३/२९ बारा बर्ष ३९ को जुही तबसुम को नाममा एकलौटी दर्ता कायम भएको बारा जिल्ला प्रसौनी र करैया वडा नं. ८ र ६ स्थितका किता नं. ४९८ र ७८७ को जग्गाको क्षेत्रफल ०-५-१२-८ र ०-२-६-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |

## आर्थिक वर्ष सुरु भएको दुई महिना बित्दा पनि

# बारा–पर्साका अधिकांश स्थानीय तहको खाता बन्द




**मधेशदृष्टि**
**वीरगंज।**
नयाँ आर्थिक वर्ष सुरु भएको झन्डै दुई महिना बितिसक्दा पनि बारा र पर्साका अधिकांश स्थानीय तहले सरकारी खाता सञ्चालनमा ल्याउन सकेका छैनन् । खाता सञ्चालनमा ढिलाइ हुँदा स्थानीय सरकारको नियमित प्रशासनिक कामदेखि बजेट कार्यान्वयनसम्म प्रभावित हुन थालेको छ। बाराका १६ स्थानीय तहमध्ये अहिलेसम्म ६ वटा स्थानीय तहको मात्रै खाता सञ्चालनमा आएको कोष तथा लेखा नियन्त्रक कार्यालय बाराले जनाएको छ। बाँकी १० स्थानीय तहको खाता अझै सञ्चालनमा आउन सकेको छैन।

कोष तथा लेखा नियन्त्रक कार्यालय बाराका प्रमुख कोष नियन्त्रक राधेश्याम गिरीका अनुसार देवताल गाउँपालिका, करैयामाई गाउँपालिका, सिम्रौनगढ नगरपालिका, परवानीपुर गाउँपालिका, प्रसौनी गाउँपालिका र विश्रामपुर गाउँपालिकाको खाता सञ्चालनमा आएको छ । तर, जिल्लाका दुई उपमहानगरपालिकासहित अधिकांश स्थानीय तह भने अझै खाता सञ्चालनको प्रक्रियामै छन्।

कलैया उपमहानगरपालिका, जितपुरसिमरा उपमहानगरपालिका, महागढीमाई नगरपालिका, पचरौता नगरपालिका, कोल्हवी नगरपालिका, निजगढ नगरपालिका, फेटा गाउँपालिका, बारागढी गाउँपालिका, आदर्शकोतवाल गाउँपालिका र सुवर्ण गाउँपालिकाको खाता सञ्चालन हुन बाँकी रहेको प्रमुख कोष नियन्त्रक गिरीले जानकारी दिए।

**तलबदेखि विकास बजेटसम्म प्रभावित**

स्थानीय तहको खाता सञ्चालनमा भएको ढिलाइको प्रत्यक्ष असर कर्मचारीको तलब भुक्तानीमा परेको छ। नयाँ आर्थिक वर्ष सुरु भएको दुई महिना बित्न लाग्दासमेत कतिपय स्थानीय तहका कर्मचारीले नियमित तलब पाउन सकेका छैनन्। सरकारले कर्मचारीलाई हरेक महिनाको १५ दिनभित्र तलब उपलब्ध गराउने व्यवस्था गर्ने बताउँदै आएपनि स्थानीय तहको वित्तीय खाता नै सञ्चालनमा नआएपछि त्यसको कार्यान्वयनमा समस्या देखिएको हो।

तलब भुक्तानीमा मात्र समस्या सीमित छैन। स्थानीय तहको चालु आर्थिक वर्षको बजेट कार्यान्वयनसमेत प्रभावित हुने अवस्था देखिएको छ । खाता सञ्चालन नहुँदा विभिन्न विकास निर्माणका योजना, प्रशासनिक खर्च तथा अन्य आर्थिक गतिविधि अघि बढाउन कठिनाइ हुने गरेको छ । यसले स्थानीय सरकार सञ्चालनको नियमित प्रक्रियामाथि नै प्रश्न खडा गरेको छ। जनप्रतिनिधिले बजेट पारित गरिसके पनि त्यसको कार्यान्वयनका लागि आवश्यक वित्तीय प्रक्रिया पूरा हुन नसक्दा कागजमा बनेका योजना व्यवहारमा अघि बढ्न नसक्ने जोखिम बढेको छ।

**पर्सामा पनि अधिकांश स्थानीय तहको अवस्था उस्तै**

बाराको जस्तै अवस्था छिमेकी पर्सा जिल्लामा समेत देखिएको छ। पर्साका अधिकांश स्थानीय तहको खाता पनि नयाँ आर्थिक वर्ष सुरु भएको लामो समयसम्म सञ्चालनमा आउन सकेको छैन। प्राप्त जानकारीअनुसार वीरगंज महानगरपालिका, पर्सागढी नगरपालिका, जिराभवानी गाउँपालिका, बिन्दवासिनी गाउँपालिका र पटेर्वा सुगौली गाउँपालिकाको मात्र खाता सञ्चालनमा आएको छ।

बारा र पर्साका अधिकांश स्थानीय तहको खाता सञ्चालनमा भएको ढिलाइले चालु आर्थिक वर्षको आर्थिक गतिविधिमाथि नै असर पार्ने देखिएको छ । स्थानीय तहको बजेट कार्यान्वयन, कर्मचारीको तलब–भत्ता, प्रशासनिक खर्च तथा विकास निर्माणका काम नियमित रूपमा सञ्चालन गर्न वित्तीय खाता अनिवार्य हुने भएकाले लामो समयसम्म देखिएको यो ढिलाइ सामान्य प्रशासनिक कमजोरीका रूपमा मात्र लिन मिल्दैन।

नयाँ आर्थिक वर्ष सुरु भएको दुई महिनासम्म पनि स्थानीय तहको वित्तीय कारोबार सहज रूपमा सञ्चालन हुन नसक्नुले स्थानीय सरकारको आर्थिक व्यवस्थापन र प्रक्रियागत तयारीमाथि गम्भीर प्रश्न उठाएको छ। बजेट बनाउने तर खर्च गर्ने बाटो नै नखुल्ने अवस्था लामो समय कायम रहे त्यसको प्रत्यक्ष भार कर्मचारी, सेवाग्राही र विकास योजनामाथि पर्ने निश्चित छ । त्यसैले स्थानीय तहको खाता सञ्चालनमा देखिएको ढिलाइ तत्काल समाधान गरी रोकिएका तलब भुक्तानीदेखि विकास निर्माणका कामसम्मलाई गति दिन सम्बन्धित निकायले गम्भीर पहल गर्न आवश्यक देखिएको छ।

## ग्यास अभावको दबाबबीच

# उद्योगमन्त्री गौरीकुमारीले दिइन् राजीनामा




**मधेशदृष्टि**
**जनकपुरधाम।**
उपभोक्ताले लामो समयदेखि खाना पकाउने ग्यासको अभाव झेलिरहेका बेला उद्योगमन्त्री गौरीकुमारी यादवले पदबाट राजीनामा दिएकी छन् । उनले बिहीबार प्रधानमन्त्री वालेन्द्र शाहलाई भेटेर राजीनामा बुझाएकी हुन्। प्रधानमन्त्री शाहसँगै गत चैत १३ गते उद्योगमन्त्री नियुक्त भएकी यादवले मन्त्रिपरिषद्को बैठक बस्नुअघि नै राजीनामा दिएकी हुन्। प्रधानमन्त्रीले बिहीबार दिउँसो ३ बजेका लागि मन्त्रिपरिषद् बैठक बोलाएका थिए । बैठकमा ग्यास आपूर्तिको समस्या समाधान गर्न नसकेको विषयमा मन्त्री यादवलाई सचेत गराउने तयारी रहेको स्रोतले जनाएको छ।

स्रोतका अनुसार यादवलाई यसअघि पनि प्रधानमन्त्री शाहले जिम्मेवारी प्रभावकारी रूपमा पूरा गर्न नसकेको भन्दै सचेत गराइसकेका थिए । बजारमा ग्यासको अभाव कायमै रहेपछि उनलाई पदबाट हटाउने वा राजीनामा दिन लगाउने विषयमा सरकारभित्र छलफल हुँदै आएको थियो । एक महिनाभन्दा बढी समयदेखि मुलुकका विभिन्न क्षेत्रमा ग्यासको अभाव देखिँदै आएको छ। उपभोक्ताहरू ग्यासका लागि घण्टौँसम्म लाइन बस्नुपर्ने अवस्था रहेको तथा अभावका कारण होटल, रेस्टुरेन्टदेखि सर्वसाधारणको दैनिक जीवनसमेत प्रभावित भएको भन्दै सरकारको आलोचना हुँदै आएको थियो।

ग्यास आपूर्ति व्यवस्थापनमा प्रभावकारी काम गर्न नसकेको भन्दै बुधबार सत्तापक्षकै सांसद पारसमणि गोलालले मन्त्री यादवको राजीनामा मागेका थिए । राष्ट्रिय स्वतन्त्र पार्टीका संसदीय दलका उपनेता गणेश पराजुली, सचेतकद्वय क्रान्तिशिखा धिताल र प्रकाशचन्द्र परियार तथा सांसदहरू गणेश कार्की र तोसिमा कार्कीलगायतले पनि जिम्मेवारीअनुसार काम गर्न नसक्ने मन्त्रीले पदबाट मार्गप्रशस्त गर्नुपर्ने धारणा राख्दै आएका थिए।

यादवको राजीनामाको विषय बुधबार बसेको संसदीय समितिको बैठकपछि थप चर्चामा आएको थियो । बैठकमा उनले ग्यास उद्योगीप्रति आक्रोश व्यक्त गर्दै 'पाता कस्नुपर्ने' अभिव्यक्ति दिएकी थिइन्। उनको उक्त अभिव्यक्तिप्रति नेपाल एलपी ग्यास उद्योग संघका अध्यक्ष कृष्णभक्त श्रेष्ठले बिहीबार विज्ञप्ति जारी गर्दै आपत्ति जनाएका थिए।

मन्त्रीको अभिव्यक्तिपछि ग्यास उद्योगीहरूले प्रधानमन्त्री शाहको सचिवालयमा समेत गुनासो गरेका थिए । उद्योगीहरूले अभिव्यक्ति फिर्ता नलिए ग्यास आपूर्ति रोक्नेसम्मको चेतावनी दिएको स्रोतको दाबी छ । त्यसको भोलिपल्टै मन्त्री यादवले राजीनामा दिएकी हुन् । सरकारले भारतबाट पर्याप्त मात्रामा ग्यास आयात भइरहेको दाबी गरे पनि बजारमा उपभोक्ताले सहज रूपमा ग्यास पाउन नसकेको समस्या लामो समयदेखि कायम छ। एकै व्यक्तिले आवश्यकताभन्दा बढी सिलिन्डर खरिद गर्ने तथा वितरण प्रणालीमा प्रभावकारी अनुगमन हुन नसक्दा कृत्रिम अभाव सिर्जना भएको गुनासोसमेत उठ्दै आएको थियो।

ग्यास अभावको समस्या समाधान गर्न नसकेको भन्दै मन्त्री यादवमाथि आफ्नै दलका सांसदबाट समेत दबाब बढेको थियो । रास्वपाका एक शीर्ष नेताका अनुसार मन्त्रीलाई यसअघि नै काममा सुधार गर्न वा नसके पदबाट मार्गप्रशस्त गर्न सुझाव दिइएको थियो।

प्रधानमन्त्री शाह नेतृत्वको सरकार गठन भएको पाँच महिनामै यादवसहित तीन मन्त्रीको जिम्मेवारी परिवर्तन भएको छ । यसअघि गृहमन्त्री सुधन गुरुङले राजीनामा दिए पनि पछि पुनः गृहमन्त्रीमा फर्किएका थिए भने तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री दीपककुमार साह पदबाट हटाइएका थिए।

यादवको राजीनामा स्वीकृत भएपछि प्रधानमन्त्री शाहले मन्त्रिपरिषद् पुनर्गठन तथा उद्योग मन्त्रालयको जिम्मेवारीबारे आवश्यक निर्णय गर्ने तयारी गरेका छन् । ग्यास आपूर्तिको समस्या समाधान गर्न नसकेको दबाबकै बीच आएको उनको राजीनामालाई सरकारभित्रको पछिल्लो महत्वपूर्ण राजनीतिक घटनाका रूपमा हेरिएको छ।

## हिमाल, पहाड र तराईबाट चुनाव जितेर

# प्रधानमन्त्री बन्ने म एक्लो नेता हुँः प्रचण्ड



**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाल कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले देशका हिमाल, पहाड र तराई सबै भूगोलबाट निर्वाचन जितेर प्रधानमन्त्री बन्ने आफू एक्लो नेता भएको दाबी गरेका छन् । सिरहामा आयोजित पार्टी प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै प्रचण्डले आफ्नो राजनीतिक यात्राका क्रममा विभिन्न भूगोलबाट निर्वाचन जितेको उल्लेख गर्दै यसलाई आफ्नो राजनीतिक जीवनको विशिष्ट रेकर्डका रूपमा प्रस्तुत गरे।

उनले राजधानी, रोल्पा, सिरहा, चितवन, गोरखा हुँदै पछिल्लो पटक रुकुम पूर्वबाट समेत निर्वाचन जितेको स्मरण गरे । हिमाल, पहाड, मधेश र तराईका विभिन्न क्षेत्रबाट निर्वाचित भएर प्रधानमन्त्री बन्ने अवसर आफूले मात्र पाएको उनको दाबी थियो । देशमा अहिले आधा दर्जनभन्दा बढी पूर्वप्रधानमन्त्री रहे पनि पछिल्लो निर्वाचनमा निर्वाचित हुने पूर्वप्रधानमन्त्री आफू मात्रै भएको उनले बताए । 'चुनाव जित्ने मामिलामा म भाग्यमानी छु,' प्रचण्डले भने।

सिरहामा चर्को गर्मीका बीच प्रशिक्षण कार्यक्रममा ठूलो संख्यामा कार्यकर्ता सहभागी भएकोप्रति उनले उत्साह व्यक्त गरे। पार्टीप्रति जनताको विश्वास र कार्यकर्ताको उत्साह घट्दै गएको चर्चा भइरहेका बेला कार्यक्रममा देखिएको उपस्थितिले आफू उत्साहित भएको उनको भनाइ थियो । प्रचण्डले सिरहासँग आफ्नो राजनीतिक सम्बन्ध लामो समयदेखिको रहेको पनि स्मरण गरे । पञ्चायतविरोधी आन्दोलन, जनयुद्धको तयारी तथा शान्ति प्रक्रियादेखि नै सिरहासँग आफ्नो सम्बन्ध रहेको उनले बताए । दोस्रो

*बाँकी पृष्ठ ३ मा*

## नारायणी अस्पतालमा ५० शव अट्ने शवगृह बन्दै,

# विपद्मा शव व्यवस्थापन सहज हुने




**मधेशदृष्टि**
**वीरगंज।**
विपद्का बेला ठूलो संख्यामा मृत्यु भएका व्यक्तिको शव व्यवस्थापनमा देखिँदै आएको समस्या समाधान गर्न वीरगंजस्थित नारायणी अस्पतालमा एकैपटक कम्तीमा ५० शव राख्न सकिने क्षमताको शवगृह निर्माण गरिने भएको छ। स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले नारायणी अस्पतालसहित देशभरका १२ संघीय अस्पताल तथा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कम्तीमा ५० शव व्यवस्थापन गर्न सक्ने क्षमताको शवगृह निर्माण तथा क्षमता विस्तार गर्ने नीतिगत निर्णय गरेको हो।

मन्त्रालयको निर्णयसँगै नारायणी अस्पतालमा आवश्यक पूर्वाधार निर्माणका लागि प्रक्रिया अघि बढाइनेछ । विपद्का बेला ठूलो संख्यामा शव अस्पतालमा ल्याउनुपर्ने अवस्था आए पनि सुरक्षित र व्यवस्थित रूपमा राख्न सकिने पूर्वाधारको अभाव हुँदै आएको अवस्थामा यो निर्णयलाई महत्वपूर्ण मानिएको छ। मन्त्रालयका अनुसार नारायणी अस्पतालसँगै कोशी अस्पताल, गजेन्द्र नारायण सिंह अस्पताल, भरतपुर अस्पताल, भेरी अस्पताल र डडेलधुरा अस्पतालमा पनि नयाँ शवगृह निर्माण

*बाँकी पृष्ठ ३ मा*




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन